# गोरखा नगरपालिकाको नीति तथा कार्यक्रम, २०७७०७८

नगरसभाका सदस्यज्यूहरु,

स्थानीय तहको निर्वाचन सम्पन्न भएपश्चात् ऐतिहासिक एवं पर्यटकिय गोरखा नगरपालिकाको छैंठौ नगरसभामा आ.व. ०७७/७८ का लागि लिएका नीति तथा कार्यक्रमलाई यस गरिमामय सभामा उपस्थित भइ प्रस्तुत गर्न चाहन्छु ।

विश्वभर अकल्पनिय महामारीको रुपमा फैलिएको कोरोना भाइरसको कारण प्रतिकुल परिस्थिति सामना गरि राखेको वर्तमान अवस्थामा यस भाइरसको सक्रमणवाट नागरिकको जीवन रक्षा गर्न र अर्थतन्त्रलाई गतिशील बनाउने गहन जिम्मेवारी बोध गरेको छु ।

विश्वव्यापी रुपमा यस भाइरसको संक्रमणवाट ज्यान गुमाउनुहुने प्रति हार्दिक श्रद्धाञ्जली व्यक्त गर्न चाहन्छु र संक्रमितहरुको शिघ्र स्वास्थ लाभको कामना गर्न चाहन्छु ।

यस अवस्थामा समस्त नगरबासीको जीवन रक्षा गर्ने, भविष्य प्रति आधारयुक्त आशा जगाउने र अर्थतन्त्रको पुर्नउत्थान गर्दै तीव्र विकासको बाटोमा लैजाने गरी यस नीति तथा कार्यक्रम तय गरिएको छ ।

महामारीको रुपमा फैलिएको कोरोना भाइरससँगको लडाईमा गोरखा नगरपालिकालाई साथ् दिनु हुने सम्पूर्ण स्वास्थ्यकर्मी, जनप्रतिनिधिहरु, टोल विकास संस्थाका पदाधिकारीहरु, सुरक्षाकर्मी, कार्यालयका कर्मचारीहरु, पत्रकार लगायत सबै प्रति संम्मान व्यक्त गर्न चाहन्छु |

स्थानीय तहलाई प्राप्त श्रोत, साधन र अधिकारको प्रयोग गरी नगरपालिकाको गत आर्थिक वर्षको वार्षिक कार्यक्रमको कार्यान्वयनमा अन्तिम चरणमा आइपुगेको व्यहोरा यस गरिमामय सभामा जानकारी गराउन चाहन्छु ।

गोरखा नगरपालिकाले नगरको समग्र विकासको लागि ***"गोरखा नगर समृद्धिको आधार, पर्यटन, कृषि र पूर्वाधार"***सोच तय गरेको छ । उक्त सोचलाई प्राप्त गर्नका लागि ***"धार्मिक एवं ऐतिहासिक पर्यटन, व्यावसायिक कृषि, गुणस्तरीय शिक्षा, स्थानीय स्रोत, साधनको उपयोगमा जोड दिदै दिगो विकासको अवधारणा अनुरुप समतामूलक समाज तथा समृद्ध नगर निर्माण गर्ने"***लक्ष्य लिएको छ ।

- कोरोना लगायत सबै प्रकारका स्वास्थ्य जोखिमबाट नगरबासीहरुलाई सुरक्षित राख्न र गुणस्तरीय स्वास्थ्य सेवा सर्वसुलभ बनाउन स्वास्थ्य सेवाको दायरा विस्तार, स्वास्थ्य पूर्वाधार निर्माण तथा स्तरोन्नती गरी स्वस्थ जनशक्ति विकास गरिने छ |
- कोरोना भाइरस संक्रमणको कारण उत्पादनमा आएको ह्रास र आपूर्ति श्रृंखलालाई पुर्नस्थापन गर्दै कृषि, उद्योग, पर्यटन, निर्माण लगायत प्रभावित व्यवसायहरुको पुर्नउत्थान गरिने छ |
- नगरबासीहरुका लागि काम र रोजगारीका अवसर, खाद्य सुरक्षा समाजिक सुरक्षा र संरक्षणका कार्यक्रम ल्याइने छ |
- विकासको शीघ्र प्रतिफल प्राप्त हुने र आगामी वर्ष भित्र सम्पन्न हुने प्रमुख अधुरा आयोजनाहरुलाई प्राथमिकता दिईने छ |
- कोरोना भाइरसका कारण भएको बन्दाबन्दीको अवस्थालाई मध्यनजर गर्दै व्यवसाय दर्ता गरेर व्यवसाय संचालन गरेका व्यवसायीहरुलाई २५% व्यवसाय कर मिनाह दिने नीति लिईएको छ |
- घर भाडा करलाई सरल तुल्याउन स्वयम् घोषणा गरेर आउने घर धनीहरुलाई सुरुको अवस्थामा ४% घर भाडा कर मिनाह दिने नीति लिईएको छ |

- लामो समयदेखि व्यवसाय गर्दै आएका तर व्यवसाय दर्ता नगरी बसेका व्यवसायीहरुलाई एक पटकका लागि व्यवसाय दर्ता गर्न अन्तिम मौका दिईनेछ अन्यथा उक्त व्यवसाय बन्द गराइने छ ।
- व्यवसाय दर्ता गरेर नवीकरण नगरी बसेका व्यवसायीहरुका हकमा हालसम्म लाग्ने नवीकरण शुल्कमा ५०% मिनाह दिई नवीकरण गर्ने व्यवस्था मिलाइने छ ।
- गुणस्तरीय र जीवनउपयोगि शिक्षा, सूचना प्रविधिको विस्तार, आधारभूत खानेपानी लगायतका सामाजिक आर्थिक तथा भौतिक पूर्वाधार विकास तथा निर्माण, र संघीयता कार्यान्वयन, गुणस्तरीय तथा पँहुचयुक्त सार्वजनिक सेवा र उत्तरदायी तथा पारदर्शि शासन व्यवस्थाको सुदृढीकरण गरिने छ ।
- वेरोजगार रहेका, कोरोना कारण रोजगार गुमेका र वैदेशिक रोजगारबाट फर्किएकालाई कार्यअनुभव तथा पारिश्रमिक सहितको जनसहभागितामूलक विकासमा सहभागि गराइने छ ।
- कोरोनाका कारण देशको श्रम बजारमा कार्यरत विदेशी कामदारहरु स्वदेश फर्कीए पछि सृजना भएको रोजगारको अवसर नेपालले पाउने गरि सीप विकास तालिम र प्रविधिको पहूच पुर्याइने छ ।
- कोरोनाका कारण रोजगार गुमेका र तत्काल पुर्नउत्थान भई रोजगार सृजना हुन नसक्ने क्षेत्रमा कार्यरत रहेका मजदुरको सीप रुपान्तरण गरी अन्य कार्य गर्न सक्षम तुल्याइने छ ।

नगरको विकासमा उर्लदो जनआकांक्षा, सीमित श्रोत, साधन र कानूनी कार्यविधि बीच तालमेल मिलाएर काम गर्दै छोटो समयावधिमा तीव्र विकासका प्रतिफल हासिल गर्नु हाम्रो लागि मुख्य चुनौती हुन् । यस्ता चुनौतीलाई अवसरका रुपमा लिएर हामीले जनताको दैनिक समस्या समाधान गर्दै जीवनस्तर उकास्ने देखि लिएर भौतिक पूर्वाधार, कृषि, पशु, पर्यटन, शिक्षा, स्वास्थ्य लगायत आर्थिक, सामाजिक, सांस्कृतिक र धार्मिक पक्षका विकासका कार्यहरु मार्फत नगरको समग्र विकासको खाका कोरेका छौं । यसबाट केही महत्वपूर्ण उपलब्धिहरु हासिल भएका छन् । यसै अवधिमा नगरको सुशासन, विकास र समृद्धिको लागि आवश्यक पर्ने महत्वपूर्ण ऐन तथा कार्यविधि जारी गरी कार्यान्वयनमा ल्याइएका छन् ।

भूकम्पपछिको पुनःनिर्माणमा नगरपालिकाका अधिकाशं प्रभावितहरुलाई सहयोग गरिराखेको परिवेशमा अकस्मात विश्वभर अकल्पनिय महामारीको रुपमा फैलिएको कोराना भाइरसको कारण प्रतिकुल परिश्थितिको सामना गरि राखेको यस विषम अवश्थामा नगरबासीहरुको प्राण रक्षाका लागि उपलव्ध गराउनु पर्ने खाद्य सामाग्रीहरु तथा स्वास्थ्य तथा पोषण सुधारका लागि तत्काल गर्नु पर्ने कार्यहरु हाम्रो सामु थप चुनौतीको रुपमा देखा परेको छ । गोरखा नगरपालिका र संयुक्त अधिराज्यको Greater Rushmoor Borough Council बीच भगिनी सम्बन्ध स्थापना भई विभिन्न साझेदारी कार्यक्रमहरु तय गरी अगाडी वढाउने प्रक्रियामा रहेका छौं ।

नगरपालिकाको योजनावद्ध व्यवस्थित विकासको लागि एकीकृत नगर विकास गुरुयोजनाको निर्माण कार्य सम्पन्न गरी सोहि अनुसारका कार्यक्रमहरु तय गरि संचालन प्रारम्भ गरिने छ ।

***"सबैको समतामूलक सहभागिता,नगर विकासमा प्रभावकारिता"*** भन्ने नाराका साथ नगरका सबै कार्यहरु सहभागितामूलक ढंगले सञ्चालन तथा कार्यान्वयन गरिनेछ । यसले समावेशी विकासलाई प्रवर्द्धन गर्नेछ ।

# शिक्षा युवा तथा खेलकुद तर्फः

**शिक्षा**

- वर्तमान परिवेशमा कोरोना भाइरसको महामारीवाट विश्वले भोग्नु परेको बन्दा बन्दी अवश्थामा शैक्षिक गतिविधीहरुलाई निरन्तरता प्रदान गर्न सम्भव भए सम्म श्रव्य दृश्य सामाग्री तथा virtual कक्षा मार्फत शैक्षिक क्रियाकलापहरु संचालनमा आवश्यक पहल गरिने छ । कोभिड 19 ले पुर्याएको शैक्षिक क्षतिलाई न्युनिकरण गर्न रेडियो, एफ.एम, टीभीबाट विभिन्न कार्यक्रमहरु प्रशारण गरी शिक्षण सिकाइ गरिनेछ । ICT ल्यावको व्यवस्था भएका विद्यालयहरुलाई आ-आफ्ना वालवालिकामा कक्षागत र विषयगत भर्चुअल कक्षा संचालनको व्यवस्था मिलाउन लगाइनेछ ।
- अनलाइन/अफलाइन सामाग्रीको प्रयोग गरी शैक्षिक गतिविधि अगाडी बढाइने छ |
- विपदसँग जुध्ने खालका स्थानीय पाठ्यक्रम विकास गरी लागू गरिने छ |
- ***"समय सापेक्ष गुणस्तरीय शिक्षाः नगरबासी सबैको अपेक्षा"*** भन्ने मूल नाराका साथ नगरभित्रको शैक्षक गुणस्तर कायम गरी सिकाइ उपलव्धिलाई बृद्धि गर्नका साथै सर्वसुलभ शिक्षाको प्रत्याभूति गराउने विभिन्न कार्यक्रमहरु तय गरिनेछ ।
- सिकाई उपलव्धिको मापनमा एकरुपता ल्याउने उद्देश्यले विगतका वर्षहरुमा जस्तै कक्षा ५ र ८ को बार्षिक परीक्षा नगरस्तरीय गरिने छ । अन्य कक्षाको प्रश्नपत्रमा एकरुपता ल्यइने छ । साथै उत्तरपुस्तिका परीक्षणमा एकरुपता ल्याउने उद्देश्यले विद्यालयमा परीक्षण गरिएका उत्तरपुस्तिकाहरुलाई नगर शिक्षा शाखामा झिकाई विशेषज्ञका माध्यमद्वारा संपरीक्षण गराइनेछ ।
- शिक्षामा सबैको समान अधिकार र पहूँच पुऱ्याउन अनिवार्य आधारभूत शिक्षालाई प्रभावकारी रुपमा कार्यान्वयन गरिनेछ । नगर क्षेत्रभित्रका सामुदायिक विद्यालयमा अध्ययनरत बालबालिकाहरुको पोषणमा सुधार ल्याउनुका साथै विद्यालय छाड्ने दरलाई कम गर्नका लागि कक्षा ५ सम्मको खाजाको कार्यक्रमलाई पूर्णरुपमा लागू गर्दै ECD का वालवालिकाका लागि थप खाजा व्यवस्था गरिनेछ ।साथै बिद्यार्थी भर्ना कार्यक्रमलाई प्रभाबकारी बनाई बालबालिकाको पढ्न पाउने हकलाई सुनिश्चित गरिनेछ ।
- विद्यालयको शिक्षण सिकाइ क्रियाकलापमा प्रभावकारिता ल्याउन नियमित अनुगमन, निरीक्षण र सुपरीवेक्षण गरिने छ। शैक्षिक उपलब्धिको आधारमा शिक्षक एवं विद्यालयलाई पुरस्कृत गरिने छ।
- नगरभित्र संचालित विद्यालयहरुको शिक्षण सिकाइमा प्रविधिको प्रयोगलाई जोड दिइने छ । प्रविधिमैत्री शिक्षणका लागि आधारभूत तहलाई विद्यार्थी संख्या र शिक्षकको क्षमता अनुकुल ICT को व्यवस्था गरिनेछ र शिक्षकहरुलाई ICT तालिमको व्यवस्था गरिने छ ।
- शैक्षिक संस्थामा अनियमित रुपले लिइने शैक्षिक शुल्कको नियमन तथा नियन्त्रण गरिनेछ । विद्यार्थी संख्या, सुगमता, भौगोलिकता एवं सामाजिक परिवेश आदि मापदण्डका आधारमा विद्यालय समायोजन तथा दरवन्दी मिलान कार्यलाई निरन्तरता दिइनेछ ।
- नगरपालिका भित्र विद्यालय जाने उमेरका सवै वालवालिकालाई विद्यालयको पहुँचभित्र ल्याइने छ । मदरसा र गुरुकुललाई पनि विद्यालयको तहगत शिक्षाको मूलधारमा ल्याउन प्रयत्न गरिनेछ ।

- नगरभित्रका सवै माध्यामिक विद्यालयहरुमा न्यूनतम Lab, Library र ICT को व्यवस्थापन पछि विद्यार्थी संख्या, आवश्यकता र सिकाई उपलव्धिको आधारमा प्रोत्साहित गर्न थप कार्यक्रमहरु उपलव्ध गराइने छ ।
- विद्यालयको भौतिक अवस्था हेरी मर्मत, घेरावार तथा विद्यार्थी संख्याका आधारमा नपुग फर्निचरको लागि सम्वोधन गरिनेछ ।
- नेपाल सरकारको ससर्त कार्यक्रम अनुसार दलित, अपाङ्ग, छात्रा छात्रवृत्ति वितरणका साथै उत्कृष्ट विद्यार्थीलाई नगरप्रमुख छात्रवृत्तिको व्यवस्था गरिनेछ ।
- छात्राहरुको मासिक स्रावका कारणले विद्यालयमा अनुपस्थित हुने दरलाई घटाउन नेपाल सरकारले ल्याएको सेनेटरी प्याड उपलव्ध गराई त्यसको प्रयोग र वितरण सम्वन्धमा प्रभावकारी अनुगमन गरिनेछ ।
- वालविकाश केन्द्रको नमुना व्यवस्थापनमा नेपाल सरकारको ससर्त अनुदानमा सहभागिता जनाउने गरी नमुना वालविकाश केन्द्र निर्माणमा पहल गरिनेछ ।
- सुत्केरी हुँदा विद्यालयमा हुने शैक्षिक क्षति कम गराउन विगत वर्षमा लागू गरेको सुत्केरी सट्टा शिक्षक कार्यक्रमलाइ निरन्तरता दिइनेछ । वालविकाशका सहयोगी कार्यकर्तालाई दिँदै आएको प्रोत्साहन अनुदानलाई निरन्तरता दिइनेछ ।
- शिक्षकहरुको क्षमता विकाशका लागि शिक्षकहरु संगै प्रस्ताव मागी लघु अनुसन्धान तथा Action Research गर्ने कार्यक्रमलाई निरन्तरता दिइनेछ । सकेसम्म धेरै शिक्षकहरुको सहभागिताका लागि आधारभूत तह र माध्यामिक तहका शिक्षकहरुको तहगत रुपमा क्षमता प्रदर्शन गर्ने मौका दिइनेछ ।
- प्रदेश स्तरको नमुना विशेष विद्यालयको निर्माणमा ससर्तको अनुदानलाई परिचालन गर्दै विद्यालयमा भवन निर्माण तथा शैक्षिक पक्षमा प्राविधिक सहयोग पुर्याइने छ ।
- नगर भित्रका माध्यामिक विद्यालयहरुलाई नमूना माध्यामिक विद्यालय वन्नका लागि प्रस्ताव आह्वान गरी थप प्रोत्साहन दिने व्यवस्था मिलाइने छ ।
- स्रोत कक्षाहरुको सुदृढीकरणमा जोड दिइने छ ।
- गणित, अङ्ग्रेजी, विज्ञान शिक्षक आवश्यकता भएका आधारभूत तह (६-८) मा कम्तिमा पनि एक दरवन्दीको व्यवस्था गर्ने तथा एक दरवन्दी पनि नभएका माध्यामिक विद्यालयहरुमा व्यवस्थापनको लागि दरवन्दी मिलानलाई आधार वनाइनेछ ।
- अति विपन्न तथा गरिव छात्राछात्रालाई स्टेसनरी, झोला व्यवस्थापनका लागि वडा कार्यालयसँगको सहकार्यमा विद्यालय र विद्यार्थी पहिचान गरी अवश्यक व्यवस्था गरिनेछ ।
- स्नातकोत्तर तहमा अध्ययनरत नगर भित्रका विद्यार्थीहरुलाई अनुसन्धान कार्यका लगि प्राविधिक तथा आर्थिक सहयोग गरी अनुसन्धानमा हौसला प्रदान गरिने छ ।
- नगरभित्र संचालनमा रहेका सामुदायिक सिकाई केन्द्रको क्षमता वृद्धि गरी अनौपचारिक शिक्षा मार्फत आय आर्जन मूलक कार्यक्रम संचालन गर्न प्रोत्साहन गरिने छ ।

## युवा तथा खेलकुद

- कोरोनावाट सृजित विभिन्न प्रतिकुल परिश्थितिवाट नगरबासीहरुलाई सचेत गराउनुका साथै आवश्यक राहत वितरण कार्यमा सहयोगको लागि यूवाहरुको परिचालन गरिने छ।
- युवा जनशक्ति समाज विकासको मेरुदण्ड भएकोले विकास निर्माण, आर्थिक उन्नति, कृषि उत्पादन र सामाजिक परिचालनमा आम युवा सहभागिता सहितको कार्यक्रमलाई प्रोत्साहन गरिनेछ। युवाहरुलाई उत्पादन सहकारी, क्षमता विकास, सामाजिक नेतृत्व र सीपमुलक तालिमद्धारा दक्ष बनाइ उद्यमशिलता विकास कार्यमा लगाइने छ
- वैदेशिक रोजगारमा गएका युवाहरुलाई स्वदेशमा फर्किने वातावरण तयार गर्न कृषि, पर्यटन, उद्योग व्यपार, जडीबुटी खेती, पशुपालन र उर्जा उत्पादनको वातावरण तयार गरी स्थानीय क्षेत्रमै रोजगारीको सिर्जना गर्ने नीति लागू गरिने छ। युवाशक्ति विदेश पलायन हुनबाट रोकी नेपाल सरकारबाट सञ्चालित युवा स्वरोजगार कार्यक्रमलाई समायानुकूल परिमार्जन गरी सहज र सरल रुपले स्वरोजगार कर्जा प्राप्त गर्ने वातावरण निर्माण गर्न पहल गरिने छ।
- नगरका रंगशालाहरुलाई व्यवस्थित वनाइनेछ।विद्यालयका खेलमैदानहरुको स्तरोन्नतिका लागि प्रोत्साहन गरिनेछ ।
- नगरस्तरीय खेलकुद प्रतियोगितालाई निरन्तरता दिइनेछ ।
- विद्यालय तथा वडास्तरमा गठन भएका क्लवहरुलाई विभिन्न खेलकुद प्रतियोगितामा सहभागिता गराइनेछ ।
- खेलमैदान निर्माण नभएका वडाहरुमा खेलमैदान निर्माण गर्न तथा भइरहेका खेलमैदानको स्तरोन्नती गरिनेछ
- मेयरकप फुटवललाई निरन्तरता दिइनेछ।
- जिल्लास्तरमा संचालन हुने राष्ट्रिय महत्व राख्ने दौड, खेलकुद तथा अन्य क्रियाकलापहरुमा नगरको संलग्नतालाई कायम नै राखिने छ।
- संघ र प्रदेश सरकारद्वारा तय भएका युवा सम्वन्धी कार्यक्रमहरु नगरले समन्वय गरी कार्यान्वयनमा ल्याइने छ
- कोरोनाका कारण चालू आ.व. मा सम्पन्न हुन नसकेको गोरखा गोल्ड कपको आयोजना गरिने छ |
- गोरखा नगरपालिका जन्म स्थान भएका अन्तर्राष्ट्रिय प्रतिस्पर्धामा सहभागी बनेका खेलाडीहरुलाई अभिनन्दन सहित सम्मान गरिने छ |
- छात्राहरुलाई खेलमा अगाडी बढाउनका लागि विद्यालय स्तरीय छात्रा भलिबल लगायतका विभिन्न खेलकुदका कार्यक्रम आयोजना गरिने छ |

## स्वास्थ्य तर्फः *नगरको शक्तिः स्वस्थ जनशक्ति*

- स्वास्थ्य सेवामा सबै नागरिकको सहज र समान पहुँच पुऱ्याउने नीति लिइने छ।
- ***"स्वस्थ र सफा व्यक्तिगत व्यवहार, संक्रमण रोकथामको मुख्य आधार"*** भन्ने नाराका साथ् गुणस्तरीय स्वास्थ्य जीवनयापन तथा सरसफाईलाई आम नागरिकहरुको सहभागितामा सफा गाउँ सफा, नगर कार्यक्रम सञ्चालन गरिनेछ। स्वस्थ व्यक्ति, स्वस्थ परिवार, स्वस्थ घर, स्वस्थ समाज, स्वस्थ समुदाय, समृद्ध राष्ट्रको मान्यतालाई आत्मसात् गरी कार्यक्रम तय गरिनेछ।

- नियमित सावुन पानीले मिचि मिचि हात धोऔ, कोरोना वाट आफू वचौ र अरुलाई पनि वचाऔ भन्ने अभियानलाई व्यपकताका साथ अगाडी वढाइने छ ।
- आधारभूत स्वास्थ्य सेवा आम नगरवासीको घर दैलोमा पुऱ्याईनेछ । विशेषज्ञ सेवाका लागि स्वास्थ्य विमा मार्फत सेवा प्रभावकारी बनाउने नीति लिईनेछ ।
- विमा कार्यक्रमलाई प्रभावकारी तवरबाट सञ्चालन गर्नका लागि नगर क्षेत्र भित्रका विपन्न परिवार तथा जेष्ठ नागरिकलाई लक्षित गरी ***"नगर प्रमुख विपन्न, जेष्ठ अपाङ्ग असहाय एकल महिला विमा कार्यक्रम"*** लाई निरन्तरता दिईने छ ।
- एक वडा एक स्वास्थ्य संस्था स्थापनाको कार्यलाई निरन्तरता दिईने छ । आयुर्वेद, यूनानी, होमियोप्याथी एवं प्राकृतिक चिकित्सा प्रणालीको विस्तार र प्रवर्द्धन गरिने छ ।
- दीर्घरोगी, मानशिक स्वास्थ्य समस्या, गर्भवती महिलाहरु तथा अशाय, अपाङ्गता भएका व्यक्तिहरुको लागि नियमित औषधी तथा स्वास्थ्य सामाग्री र साहयता सामाग्रीहरुको उपलव्धता गराउने निति लिईनेछ ।
- आजका किशोरकिशोरीहरु भविष्यका देश निर्माणका आधार हुन् भन्ने मान्यतालाई आत्मसात् गर्दै किशोर किशोरी लक्षित स्वास्थ्य तथा पोषणका कार्यक्रमहरु सञ्चालन गरिनेछ । दलित, सीमान्तकृत तथा अल्पसंख्यक समुदायका दीर्घरोग लागेका बिरामीहरुलाई प्रकृति अनुरुप आंशिक तथा पूर्ण निःशुल्क उपचारको व्यवस्था गरिनेछ ।
- नगर भित्रका स्वास्थ्य संस्थाहरुमा आधारभूत प्रयोगशाला सञ्चालन, गर्भवतीहरुको लागि गर्भ जाँच, तथा भिडियो एक्सरे सेवा विस्तार गरिनेछ ।
- पूर्ण खोप यूक्त नगरलाई कायम राखि वालवालिकाहरुको लागि नियमित तथा पूर्ण खोपको सुनिश्चितता गरिनेछ । साथै एकिकृत बाल स्वास्थ्य कार्यक्रमलाई प्रभावकारी ढङ्गबाट अगाडि बडाईनेछ ।
- नगरपालिकाबाट प्रदान गरिने नियमित सेवा तथा स्वास्थ्य संस्थावाट प्रदान गरिने सेवामा कोरोना भाईरस संक्रमण नियन्त्रण जोखिम न्यूनिकरण गरि सेवा प्रदान गर्ने निति लिईनेछ ।
- नगर प्रमुख संग अति विपन्न, गरिव, अपाङ्गता तथा अशाहायहरुलाई औषधी उपचार खर्च, उपचार सहयोग तथा सहायता सामाग्री वितरणका लागि सहायता कोषको निर्माण गरि सहयोग गर्ने निति लिईनेछ ।
- गर्भवती तथा सुत्केरी अपाङ्ग, अति गरिव, विपन्नका परिवारका लागि उद्धार गर्न नगर उप-प्रमुख गर्भवती उद्धार कोषको स्थापना गरि सहयोग गरिनेछ ।
- महामारी रोग नियन्त्रणको लागि आर.आर.टि गठन गरि स्वास्थ्यकर्मी परिचालन गरिनेछ । कोरोना (कोभिड -१९) संक्रमण नियन्त्रणको लागि हेल्थ डेक्स, क्वारेन्टाईन व्यवस्थापन तथा आईशोलेशनको व्यवस्था गरि संक्रमण नियन्त्रणको प्रयासलाई निरन्तरता दिईने छ ।
- किशोर किशोरी लक्षीत कार्यक्रम तथा विद्यालय स्वास्थ्य तथा नर्सिङ सेवा कार्यक्रम सञ्चालन गरिनेछ ।
- महिला स्वास्थ्य स्वयम सेविका तथा स्वास्थ्यकर्मीहरुको लागि महामारी तथा आपतकालीन अवस्थामा कामको उच्च मूल्याङ्कन गरि प्रोत्साहान गरिनेछ ।
- "बस्ती बस्तीमा स्वास्थ्य सेवाको विस्तार, तब हुन्छ नगरको सपना साकार" भन्ने मान्यतालाई पूरा गर्न समय समयमा विपन्न, असहाय, दलित, जेष्ठ नागरिक र गर्भवती महिलाको स्वास्थ्य जाँचको लागि घरदैलो कार्यक्रम सञ्चालन गरिनेछ । जेष्ठ नागरिक उपचार कार्डको प्रयोगलाई निरन्तरता दिइनेछ । यसका साथै

स्वास्थ्यकर्मीहरुको क्षमता विकासका कार्यक्रम सञ्चालन गरी स्वास्थ्य सेवा प्रवाहलाई गुणस्तरीय र भरपर्दो बनाइनेछ । जनसंख्याको आधारमा महिला स्वास्थ्य स्वयम् सेविकाको जिम्मेवारी थप गर्नुका साथै कार्यसम्पादनका आधारमा प्रोत्साहन उपलब्ध गराइनेछ ।

- नगर फार्मेसी कार्यक्रम सुरुवात गरिने छ ।
- किशोर किशोरीका लागि लागु औषध न्यूनीकरण गर्नका लागि कार्यक्रम संचालन गरिने छ ।
- स्वस्थ मानव पूँजी विकास गर्नका लागि यस आ.व.मा कार्यान्वयन गरिएको पोषिलो झोला कार्यक्रमको प्रभावकारी रहेको पाइएकोले यो कार्यक्रमलाई निरन्तरता दिनुका साथै कुपोषणमुक्त नगरपालिका बनाउन सुनौला हजार दिनका आमाहरुलाई पोषणको विशेष व्यवस्था गरिनेछ ।
- कोभिड -१९ सम्वन्धी सचेतनाका लगि पोषण नाङ्गलो, पोषण कर्नर, पोषण पाठशाला, स्वस्थ बच्चा प्रतियोगिता, सकारात्मक झुकाव चुल्हो, गलत सामाजिक रिति रिवाज सम्वन्धी पैरवी, प्रजनन स्वास्थ्य र पोषण सम्वन्धी प्रजनन उमेरका महिला हरुलाई वहुक्षेत्रीय पोषण योजना सम्वन्धी अवधारणात्मक तालिम (नगर कार्यपालीकाका सवै सदस्य  तथा वडा स्तरका जनप्रतिनिधीहरुलाई समेत) कार्यक्रम संचालन गरिने छ ।
- यस नगरपालिका भित्र एक मात्र आयुर्वेद औषधालय रहेकाले सम्पूर्ण नगरवासीमा आयुर्वेद चिकित्सा पहुँच नभएको परिप्रेक्षमा आयुर्वेद घुम्ती क्लिनिक, नियमित शहरी क्लिनिक, निःशुल्क आयुर्वेद शिविर संचालन गरी आयुर्वेद चिकित्सा सेवालाई वडा स्तरमा विस्तार गर्दै लगिने छ ।
- Covid-१९ को रोकथामका लागि स्थानीय स्तरमा पाइने जडिबुटीहरुको सेवनलाई प्रोत्साहन गर्न विभिन्न कार्यक्रम ल्याइने छ । साथै नगरपालिका क्षेत्रमा संचालित क्वारेन्टिनमा रोग प्रतिरोधात्मक शक्ति बर्दक आयुर्वेद औषधिहरु वितरण गरिने छ ।
- कृषकहरुलाई जडिबुटी खेती गर्नका लागि उत्प्रेरित गर्न स्थानीय रुपमा पाइने जडिबुटीहरु कृषकहरुबाट खरिद गरी नगरपालिका अन्तर्गत रहेको गोरखा बजार आयुर्वेद औषधालयमा आयुर्वेद औषधि निर्माण शुरुवात गरिने छ ।
- नसर्ने रोगले महामारीको रुप लिँदै गएको अवस्थामा त्यसको न्यूनीकरणको लागि योग ध्यान शिविर संचालन गरिने छ ।
- लैंगिक हिंसा न्यूनीकरण गर्नका लागि विद्यालय स्तरमा कार्यक्रम संचालन गरिने छ ।
- दीर्घ रोगीहरुका लागि एक महिनाको निःशुल्क औषधिको व्यवस्था गर्दै स्वास्थ्य बीमा कार्यक्रमलाई प्रभावकारी ढङ्गबाट कर्यान्वयनमा लगिने छ ।

## सामाजिक विकास तर्फः

**लैङ्गिक समावेशी समाज निर्माणको लागि समतामूलक उत्तरदायी नागरिक मैत्री विकास**

**उद्धेश्य : पछाडी परेका महिला, आदिवासी जनजाती, दलित, ज्येष्ठ नागरिक, बालबालिका, सीमान्तकृत जाती, अपाङगहरुलाई समावेशी सिद्धान्तको आधारमा विकासको मूलप्रवाहमा ल्याउने**

**हाम्रो कला, साहित्य र संस्कृतिः अमूल्य सम्पत्ति**

- लोक संस्कृतिलाई जर्गेना गर्न नगरस्तरमा कला, साहित्य र संस्कृति केन्द्र स्थापना गर्न अध्ययन गरिने छ । पुराना कला, साहित्य र संस्कृति संरक्षण र संवर्द्धन गर्न विशेष कार्यक्रम ल्याइनेछ । नगरपालिका क्षेत्रभित्र प्रचलनमा रहेका विभिन्न जात्रा, पर्व, नाचगान तथा सांस्कृतिक मान्यता, परम्परागत धरोहरहरुको संरक्षण गरिनेछ ।
- ऐतिहासिक एवं पुरातात्विक महत्वका सम्पत्तिहरुको संरक्षण गर्नुका साथै मठ, मन्दिर, पाटी पौवा, मस्जिद, गुम्बा, चर्च, कब्रस्थान, र गुठीहरुको व्यवस्थापन कार्यलाई जोड दिइने छ ।
- नगरभित्र कला र साहित्यको प्रवर्द्धन गर्नका लागि बृहत साहित्य सम्मेलन गरिनेछ । समाजमा रहेका विभिन्न कला तथा प्रतिभाहरु जस्तैः लेखक, कलाकार, साहित्यकार, चित्रकार, कालिगढ, आर्टिष्ट तथा स्तम्भकार आदिको राय सुझावका आधारमा कला, साहित्य र संस्कृतिको प्रवर्द्धनात्मक कार्यक्रम सञ्चालन गरिने छ ।

**गैर सरकारी संघ संस्था**

- गोरखा नगरपालिका क्षेत्रमा कार्यरत विभिन्न गैर सरकारी संस्थाहरुको प्रोफाइल तयार गर्नेकार्य सम्पन भइसकेको छ । एकीकृत रुपमा विकास निर्माणका कार्यलाई अगाडी बढाउन गैह्र सरकारी संस्था समन्वय इकाई स्थापना गरिने छ ।
- गैह्र सरकारी संस्थाहरुवाट संचालन गरिने विभिन्न कार्यक्रमहरु जस्तै जिविकोपार्जन सुधार, पोषण सुधार, उत्पादन तथा उत्पादकत्व वृद्धि, सामाजिक सचेतना, महिला, बालबालिका तथा जेष्ठ नागरिकहरु संग सम्वन्धीत कार्यक्रमहरुलाई महामारिको रुपमा फैलिइ रहेको कोरोना भाइरसका कारण प्रतिकुल परिश्थिति भोगिराखेका नगरबासीहरुको खाद्य सुरक्षा तथा पोषण सुधारका कार्यक्रमहरुमा केन्द्रित गरि संचालनका लागि सहजिकरण गरिने छ ।
- गैह्र सरकारी संस्थाहरुको क्षमता अभिवृद्धि गरि **नगरपालिकाको नीति तथा कार्यक्रममा हामी पनि सँगसँगै** भन्ने मान्यताका साथ कार्यक्रम सञ्चालन गरिने छ । सरकारी तथा गैरसरकारी संघ संस्थाको साझेदारीमा रोजगारमूलक तालिम, शिक्षा र प्रविधी हस्तान्तरण कार्यक्रम अगाडी बढाइने छ ।
- नगरपालिकामा सञ्चालित हुने गैरसरकारी संघ संस्थाले नगरपालिकाको अनिवार्य अनुमति पश्चात् आफ्नो कार्य क्षेत्र तय गरी नगरपालिका क्षेत्रमा काम गर्ने व्यवस्था मिलाइने छ ।
- नगरपालिकाद्धारा गठन गरिएका टोल विकास संस्था, वाल क्लव, युवा क्लव, नागरिक सचेतना केन्द्र लगायत विभिन्न संघ सस्थाहरुको संस्थागत विकासको लागि निर्देशिका तयार गरि लागू गरिने छ ।
- नगरपालिकामा सञ्चालनमा रहेको कारोबारीय र रुपान्तरणीय सामाजिक परिचालन कार्यक्रमलाई निरन्तरता दिइने छ ।

- विभिन्न गैरसरकारी संस्थाहरुसँगको साझेदारीमा नगरमा पूर्वाधार विकास निर्माण कार्यहरु स्वास्थ्यचौकी, विद्यालय, सिंचाई तथा खानेपानी लगायतका योजनाहरु प्रभावकारी रुपमा सञ्चालन भइरहेको र यस कार्यलाई निरन्तरता दिईनेछ ।
- सुरक्षित आप्रवासन परियोजनालाई व्यवस्थित तरिकाले संचालन गरिने छ |
- सामाजिक सुरक्षा तथा व्यक्तिगत घटना दर्ता सुदृढीकरण परियोजना व्यवस्थित तरिकाले संचालन गरिने छ |
- वर्तमान समाजमा रहेको सामाजिक कुसंस्कार र विकृतीलाई हटाउनको लागि नागरिक चेतना अभिवृद्धी कार्यक्रम सञ्चालन गरिनेछ ।

**लक्षित वर्ग**

**जेष्ठ नागरिकः**

- सामाजिक सुरक्षा भत्तालाई बैकिङ प्रक्रियाबाट सहज रुपमा  वितरण गर्ने व्यवस्था गरिने छ ।
- हरेक वर्ष नगर स्तरिय जेष्ठ नागरिक दिवस कार्यक्रम सञ्चालन गरी जेष्ठ नागरिक सम्मान कार्यक्रम सञ्चालन गरिने छ ।
- जेष्ठ नागरिकहरुलाई विभिन्न तीर्थ स्थलहरुको भ्रमण गराइने छ
- जेष्ठ नागरिक पार्क तथा वृद्धाश्रम निर्माणको लागि पहल गरिनेछ ।

**दलित समुदाय**

- समाजमा कला कौशलको धनी दलित समुदायको परम्परागत सीपलाई आधुनिकीकरण गर्दै उद्योगको रुपमा विकास गरी आधुनिक औजारहरुको हस्तान्तरण गरिने नीति लिईनेछ ।
- जातीय छुवाछुत एवं भेदभाव विरुद्धको कानूनलाई कडाईका साथ लागू गरिने छ ।
- दलित तथा दलित महिला सहकारीहरु स्थापना गरी आयआर्जनमा वृद्धि गर्ने र आत्मनिर्भर बन्ने नीति निर्माण गरिने छ ।
- दलित नमुना बस्ती विकास कार्यक्रम लागू गरिने छ ।
- जातीय विभेद र उत्पीडनका विरुद्ध समानता, बन्धुत्व र मानवता कायम गर्न सहभावमूलक कार्यक्रम सञ्चालन गरिने छ ।
- दलित समुदायको क्षमता विकास गर्न विभिन्न कार्यक्रम सञ्चालन गरिने छ ।

**बालबालिका**

- मानव सेवा आश्रमको सहकार्यमा अनाथ बालबालिका व्यवस्थापन कार्यलाई निरन्तरता दिइनेछ ।
- बालश्रम, बालशोषण, बालबिबाह र बालहिंसा न्यूनीकरण गर्न यस सम्बन्धी कानूनहरुलाई  प्रभावकारी रुपमा कार्यान्वयन गर्न पहल गरिने छ ।
- बालमैत्री वार्ड स्थापना गर्न आवश्यक पहल गरिने छ ।
- बालक्लब र बाल सञ्जालहरुमार्फत बालबालिकाको चेतना अभिवृद्धि गरिने छ ।नगरपालिकालाई बालमैत्री नगर घोषणा गरिने कार्य अगाडि वढाइने छ।
- नगरपालिकाको वडास्तरीय र नगरपालीकास्तरीय बाल सञ्जाल तथा बाल संरक्षण समितिको क्षमता विकासको लागि विशेष कार्यक्रम सञ्चालन गरिने छ ।

- गोरखा न.पा भित्र सामुदायिक विद्यालयमा अध्ययन गर्ने सबै तहका दलित छात्र छात्राहरु मध्ये ५, ८ र एस.ई.ई मा उत्कृष्ट स्थान हासिल गर्ने छात्र-छात्रालाई पुरस्कृत गरिने छ |
- विषयगत निकाय तथा सरोकारवालाहरुको साझेदारीमा बाल सञ्जाल एवं बाल क्लवहरुको सस्थागत विकास गरी बालबालिकाहरुका लागी बालबालिका child to child भन्ने कार्यक्रम सञ्चालन गरिनेछ । बाल कोष सञ्चालन निर्देशिका तयार गरी जोखिममा परेका बालबालिका लाई तत्काल उद्धारका लागि आपतकालिन राहात कार्यक्रम सञ्चालनमा ल्याईनेछ ।

**महिला**

- **"सबै महिलाहरुलाई साक्षरता अभियान"** भन्ने मान्यताका साथ महिला साक्षरता कार्यक्रमलाई प्रभावकारी तवरवाट सञ्चालनमा ल्याइने छ ।
- वडास्तरमा महिला सहकारी तथा समूहहरु स्थापना गरी महिलाहरुको आयआर्जनमा वृद्धि गर्ने कार्यक्रमहरु तय गरिने छ ।
- महिला हिंसा विरुद्धको कानुनलाई कडाइका साथ लागू गरी महिला हिंसा न्यूनीकरण कार्यलाई अभियानको रुपमा सञ्चालन गरिने छ । महिलाको क्षमता अभिवृद्धिका लागि सीपमूलक,क्षमता विकास र चेतनामूलक कार्यक्रम सञ्चालन गरिने छ । व्यवसाय गर्ने महिलाहरुको लागि जीविकोपार्जन बिउपूंजी अनुदानको कार्यक्रम संचालन गरिने छ |
- सवै वडाहरुमा महिला हिंसा न्यूनीकरणका लागि निगरानी समूह गठन गरि परिचालन गरिने छ ।
- महिला शक्तिकरण मार्फत महिलाहरुको उद्यमशीलता तथा नेतृत्व विकासका **उप प्रमुख सबल नेतृत्व विकास कार्यक्रम** लाई निरन्तरता दिईने छ ।
- महिलाहरुको स्वास्थ्य तथा पोषणमा अभिवृद्धि गराउनुका साथै महिलाहरुको कार्यवोझ घटाउन घरायसि तथा कृषि क्षेत्रमा महिलाहरुले संचालन गर्न सकिने विभिन्न औजारहरुको प्रयोगका लागि सहजबातारण सृजना गरिने छ ।
- नगरबाट प्रवाह गरिने सेवा प्रवाहलाई चुस्त दुरुस्त वनाउन सवै महिला जनप्रतिनिधिहरुका लागि क्षमता विकास कार्यक्रम सञ्चालग गरिने छ।
- एकल महिलाहरुका लागि क्षमता विकास तथा आयआर्जनमूलक कार्यक्रम सञ्चालन गरिने छ ।
- महिलाहरुको नेतृत्व क्षमतामा भएको विकासको लेखाजोखाका लागि नेतृत्वमा आउने महिलाहरुको रोष्टर तयार गरिने छ।
- मानव बेचबिखान विरुद्धको अभियानलाई सक्रिय रुपमा सञ्चालन गरिने छ ।
- लैङ्गिक संवेदनशील आधारमा बजेट कार्यक्रम कार्यान्वयनमा ल्याइने छ र जेसी अडिट कार्यलाई निरन्तरता दिइने छ ।
- आगामी आ.व. देखि असल बुहारी सम्मान कार्यक्रमलाई अगाडि बढाइनेछ ।
- अति विपन्न असहाय महिलाको लागि सहयोग गर्ने व्यवस्था गरिने छ |
- लैङ्गिक हिंसा नियन्त्रण संजाल/ समिति वडा र नगरमा गठन गरिने छ |
- लैङ्गिक तथा घरेलु हिंसामा परेका पीडितलाई लैङ्गिक हिंसा कोषबाट नगरपालिकाले बनाएको कार्यविधि अनुसार सहयोग गरिने छ |
- साना तथा घरेलु उद्योग संचालन गर्ने उद्यमी महिला, एकल महिला, अपाङ्ग महिलाको लागि उद्यमी महिला ऋणको व्यवस्था गरिने छ |

**आदिवासी जनजाति**

- आदिवासी जनजातिहरुको भाषा संस्कृति संरक्षण कार्यहरु सञ्चालन, भेषभुषा तथा पुरातात्विक बस्तुहरुको संरक्षणका लागि संग्राहलय स्थापना गर्न पहल गरिनेछ ।
- आदिवासी जनजातीहरुको नमूना बस्ती विकास तथा भेषभुषा संरक्षण गर्दै लैजाने कार्यलाई अगाडी वढाइने छ ।
- पिछडिएका आदिवासी जनजातिहरुलाई सशक्तीकरण गर्न विशेष कार्यक्रम ल्याइनेछ ।
- अल्पसंख्यक मुस्लिम, कुमाल, माझि, बोटे, दरै, कुसुण्डा समुदायको उत्थानको लागि विशेष कार्यक्रम लागू गरिने छ |

**अशक्त /अपांगता भएका व्यक्ति**

- हरेक भौतिक पूर्वाधार निर्माण गर्दा अपाङ्गमैत्री बनाउने नीति लिइनेछ ।
- अपाङ्गता भएका व्यक्तिहरुको क्षमता विकासका लागि कार्यक्रम बनाई लागू गरिने छ ।
- अपाङ्गहरुले अध्ययन गर्ने विद्यालयहरुको भौतिक पूर्वाधार विकासमा प्राथमिता दिइने छ ।
- स्थानीय तहले प्रवाह गर्ने सेवा सुविधा अन्तर्गत अपाङ्ग भएका व्यक्तिहरुलाई न.पाको सिफारिसहरुमा लाग्ने सम्पूर्ण दस्तुर छुट दिईने छ |
- अपाङ्गता भएका व्यक्तिहरुको नाममा दर्ता भइ संचालन हुँदै आएका व्यवसायहरुको हकमा लाग्ने करमा ५०% छुट दिईने छ |
- अपाङ्गता भएका व्यक्तिहरुको अवस्थालाई मध्यनजर गर्दै क्रमशः निःशुल्क स्वास्थ्य बिमा गराइने छ |
- अपाङ्गता भएका व्यक्तिहरुको लागि सिप मूलक, आय आर्जन सम्बन्धी लोक सेवा तयारी लगायतका तालिम उपलब्ध गराई उद्यमशिलता तर्फ प्रवेश गराइने छ |

**किशोरी विशेष कार्यक्रम** :

- गोरखा नगरपालिकाका विद्यालय उमेर समहूका र विद्यालय विमुख किशोरीहरुका लागि जिवन उपयोगी शिक्षा विशेष कार्यक्रम सञ्चालन गरिने छ ।
- नगर क्षेत्र भित्रका सवै विद्यालयका किशोरीहरुका लागि सेनेटरि प्याडको व्यवस्थापनका लागि प्याड निर्माण तालिम तथा आवश्यक सामाग्रीहरुको व्यवस्थापन गरिने छ ।
- नगर क्षेत्र भित्रका सवै विद्यालयका किशोरीहरुका लागि आइरन चक्की वितरण गरिने छ।

# आर्थिक विकास नीति

**कृषि तथा पशुपंक्षी विकास**

**"स्थानीय बाली तथा पशु उत्पाादनमा लाग्दै छ नगर**
**महामारिवाट वच्न हातेमालो गर्दै वढाउ जोस र जाँगर "**

- **"आर्थिक समृद्धिको पहिलो आधार व्यवसायिक कृषि"** भन्ने मूल नाराका साथ नगरपालिका क्षेत्रको सम्भाव्यताको अध्ययन गरी कृषि उत्पादनमा व्यवसायीकरण, आधुनिकीकरण, यान्त्रिकीकरण तथा बजारीकरणमा विशेष जोड दिदै सामूहिक खेती प्रणाली, सामूहिक पशुपालन जस्ता क्षेत्रलाई आत्मनिर्भर र मर्यादित बनाउने नीति अवलम्वन गरिने छ ।
- **"कोभिड -१९ सवैको चुनौति,खाद्य सुरक्षा तथा पोषण सुधारले पाइन्छ मुक्ति"** विश्वभर अकल्पनिय महामारीको रुपमा फैलिएको कोरोना भाइरसको कारण आएको प्रतिकुल परिश्थितिको सामना गर्न कृषि तथा पशुपंक्षी क्षेत्रको समायानुकुल विकास तथा कार्यान्वयनकालागि नगरबासीहरुको विशेष कार्यक्रम अवलम्वन गरिने छ।
- **जग्गा वाँझो नराखौ, आत्म निर्भर तिर लागौ** भन्ने नारालाई प्रभावकारी तवरवाट संचालन गरिने छ ।

- **खाद्य विविधता आजको आवश्यकता, रोग प्रतिरोधि क्षमता अभिवृद्धि कृषि उत्पादनको निर्भरता** भन्ने मान्यतालाई आत्मसाथ गर्दै हाल भोगिराखेको र भविश्यमा आईपर्न सक्ने यस्ता महामारिवाट वच्नको लागि कार्यक्रम अगाडी वढाइने छ ।
- संसारभरि यस्तै खालका विषम परिश्थितिका कारण खाद्यान्न उपलव्ध हुन नसक्ने अवश्थामा **स्थानीय रैथाने उत्पादनलाई** प्राङ्गारिक तरिकावाट उत्पादन गरि खाद्य तथा पोषण सुधारमा सहयोग गर्ने कार्यक्रमलाई प्रोत्साहन गरिने छ ।
- उत्पादित वस्तुहरुको व्यवस्थापनको लागि मूल्य श्रृखलामा आधारित उत्पादन प्रविधिको अवलम्वन गरिने छ ।
- वस्ती, वडा तथा पालीका स्तरीय मूल्य श्रृखलाका गतिविधिहरुमा जोड दिई वाह्य क्षेत्रवाट आयत गर्दा हुन सक्ने सक्रमणको न्यूनिकरणका लागि समुदाय स्तरमा छोटो मूल्य श्रृखला चक्रलाई अवलम्वन गरिने छ।
- विभिन्न प्राविधिक विद्यालयहरुलाई कृषि तथा पशुपंक्षीको क्षेत्रमा कार्यगर्ने सवल बातावरण सृजना गराउदै, प्राविधिक विद्यार्थीहरुको On the spot पठन पाठनको व्यवस्था गरि किसानको खेर गएको जग्गामा प्रयोगात्मक कक्षाहरु संचालन गरिने छ।
- सवै वडाहरुमा कृषि उपज संकलन केन्द्र स्थापना गरि खाद्य तथा पोषण सम्वन्धी जानकारी लिनको लागि वडा स्तरीय पोषण तथा खाद्य सुरक्षा निर्देशक समिति गठन गरि पोषण तथा स्वास्थ्य सम्वन्धी क्रियाकलापहरुलाई उत्पादन संग समन्वय गरि अगाडी वढाइने छ ।
- कृषक पाठशाला मार्फत पालीका क्षेत्रमा रहेका वाझो जग्गाको व्यवस्थापन गरिने छ। जसको लागि नगर पालीका क्षेत्र भित्र उपलव्ध हुन सक्ने वाझो तर कृषि उत्पादनको लागि सम्भाव्य जग्गाको विवरण तथा प्रयोग सम्वन्धी अध्ययन तथा कार्यान्वयनको लागि नगरपालीकामा एक समिति गठन गरि व्यवस्थापन कार्य प्रारम्भ गरिने छ ।
- **"आर्थिक समृद्धीको पहिलो आधार व्यवसायिक कृषि"** भन्ने मूल नाराका साथ नगरपालिका क्षेत्रको संभाव्यताको अध्ययन गरि कृषि उत्पादनमा व्यवसायीकरण, आधुनिकीकरण, यान्त्रिकरण तथा बजारीकरण विशेष जोड दिदै सामुहिक खेती प्रणाली, सामुहिक पशुपालन र विकास गरी कुषि क्षेत्रलाई आत्मनिर्भर र मर्यादित बनाउने नीति अवलम्वन गरिने छ ।
- विभिन्न उपभोग्य बस्तुहरुमा आत्मनिर्भर बन्न कृषि उत्पादन पकेट क्षेत्रहरु निर्धारण र विकास गरिने छ ।
- सामुहिक तथा सहकारी खेतीलाई प्रोत्साहित गर्न कृषिसामाग्री, मल, विउ जस्ता आवश्यक वस्तुहरुमा विशेष अनुदानको व्यवस्था गरिने छ ।
- कृषि अनुसन्धान केन्द्रको स्थापना गरी कृषिका विविध विषयगत क्षेत्रको अध्ययन गर्ने कार्यलाई प्रभावकारी रुपमा संचालन गरिने छ । जसका लागि स्थानीय विउ विजनहरुको संरक्षण तथा उत्पादन प्रर्वद्धनका लागि नगरक्षेत्रका २ वटा स्थानमा (वडा नं ८ र १०) जैविक विविधता संरक्षणका क्रियाकलापहरु संचालनका लागि अनुसन्धानात्मक कार्यहरु संचालन गरिने छ ।
- जिल्लामा उत्पादित विभिन्न रैथाने तथा पोषिला जातका बालिहरुको पहिचान गरि कोरोनावाट हाल सृजित प्रतिकुल परिस्थितिवाट नगरवासीको खाद्य आपूर्तिमा सहजताका लागि यस्ता बालीहरुको तत्काल उत्पादन कार्य प्रारम्भ गरिने छ।
- कृषि पुर्वाधार सडक, सिचाई, चिस्यान केन्द्र र संकलन केन्द्रहरुको निर्माणमा प्राथमिकता दिइने छ ।
- व्यवसायिक कृषि उत्पादनलाई व्यवस्थित गर्न स्थानीय कृषकहरु मध्येवाट सक्रिय कृषकहरुको छनोट गरि सम्बन्धित विषयमा आधारभूत ज्ञान दिनकालागि सेवाकालीन तालिमको ब्यवस्था गरिने छ ।

- कृषि तथा पशु विमा कार्यक्रमलाई प्रवावकारी कार्यन्वयन गर्न अवश्यक योजना तय गरि लागु गरिने छ ।
- वैदेशीक रोजगार वाट फर्किएका, स्वदेशमानै विभिन्न पेशामा सम्लग्न रहेका तर वर्तमान विषम परिस्थितिका कारण रोजगार विहिन वनेका नगरवासीहरुको उद्यमशिलता प्रर्वधनका लागि विपत व्यवस्थापन तथा अनुकुलन कार्यक्रम अर्न्तगत नगर प्रमुख खाद्य सुरक्षा अभिवृद्धि तथा पोषण सुधार कार्यक्रममा संलग्न गराइने छ ।
- नगरपालीकामा कृषि कार्यक्रमलाई प्रभावकारी एंव दिगो रुपमा संचालनका लागि कृषकहरुका लागि आवश्यक पर्ने कृषि समाग्री तथा औजार व्यवस्थापनका लागि कृषि भौचर प्रणाली लागू गरिने छ र यसका लागि नगर क्षेत्रभित्र रहेका एग्रो भेट तथा कृषि सामाग्री आपूर्ति गर्ने संस्था वा निकायहरुलाई कृषकहरु संग समन्वय गराइने छ ।
- **जग्गा वाझो रह्यो, हाम्रो सामर्थ्य गयो** भन्ने मान्यतामा आधारित रहि युवाहरुलाई नगरपालिका हरियाली कार्यक्रममा समावेश गराइने छ ।
- कृषकहरुको उत्पादन तथा बजार जोखिम कम गर्न मोवाइल एप्स मार्फत किसानका लागि मौसम, बीउ विज, खेति सम्वन्धी र बजार मूल्य  सम्वन्धी सूचना उपलव्ध गराइने छ ।
- रासायनिक मलको डिपो सहकारी संस्थाहरु मार्फत  संचालनको व्यवस्था मिलाईने छ । सकरभर स्थानीय स्तरमा नै उत्पादीत जैविक वस्तुहरुको प्रयोग गरि प्राङगारीक उत्पादनलाई जोड दिइने छ।
- प्रधानमन्त्री कृषि आधुनिकिकरण परियोजनालाई प्रभावकारी कार्यन्वयन गरिनेछ ।
- "**थोरै परिमाण, धेरै मूल्यवान** "कृषिबस्तु उत्पादन र बजार ब्यबस्थापनमा विशेष जोड दिईने छ ।
- एक गाउँ एक नमुना कृषि उत्पादनको योजनालाई विशेष जोड दिइने छ ।
- एक घर एक करेसा वारी अवधारणालाई प्रभावकारी तरिकावाट कार्यान्वयनमा ल्याई तरकारी उत्पादनबाट नगरपालिकालाई आत्मनिर्भर बनाइने छ ।
- उन्नत किसिमका नगदे बाली उत्पादनमा जोड दिइने छ ।
- साना सिंचाई मार्फत कृषि उत्पादन वृद्धिमा जोड दिइनुका साथै आकस्मिक कृषि सेवा कार्यक्रमलाई प्रभावकारी तवरवाट सञ्चालन गरिने छ ।
- नगर क्षेत्रलाई माछाको उत्पादन क्षेत्रको रुपमा विकास गर्न दरौंदी एवं मर्स्याङ्दी कोरिडरलाई माछा पकेट जोन घोषणा गरि कार्यक्रम सञ्चालन गरिने छ ।
- स्थानीय स्तरमा नै उत्पादित जैविक वस्तुहरुको प्रयोग गरि प्राङ्गारिक उत्पादनलाई जोड दिने उद्देश्यले एकीकृत शत्रुजीव व्यवस्थापन (Integrated Pest Management) कार्यक्रमलाई प्रभावकारी तवरवाट सञ्चालन गरिने छ ।
- कृषकहरुलाई प्राङ्गारिक खेती तर्फ आकर्षित गर्न प्राङ्गारिक मलमा ५० प्रतिशत अनुदानको व्यवस्था गरिने छ।
- कृषकहरुलाई आवश्यक मल, बीउ वितरण र पशुको नश्ल सुधारमा अनुदानको व्यवस्था गरिने छ ।
- वास्तविक कृषकको पहिचान गर्न कृषक वर्गीकरण परिचय पत्र वितरण गरी अनुदान व्यवस्थित गरिने छ |
- सहकारीसँग समन्वय गरी वडा वडामा तरकारी संकलन केन्द्र स्थापना गरिनेछ ।
- **"एक वडा एक पोखरी"** अभियानलाई प्राथमिकताका साथ अगाडि बढाइने छ ।
- रसायनीक मलमा  ढुवानी अनुदानको व्यवस्था गरिने छ |
- कौशी खेती, फलफूल नर्सरी, च्याउ खेती, माहुरी पालन आदि जस्ता कृषि उत्पादन कार्यहरुमा विशेष प्राथमिकता दिई कार्यक्रम अगाडि वढाइने छ ।

- दुग्ध उत्पादनका लागि बिशेष नीति अबलम्बन गरी दुग्धजन्य उद्योगलाई प्रोत्साहित गरिने छ ।
- पशु जन्य उत्पादनको आयात प्रतिस्थापन गरि निर्यात प्रर्वद्धन गर्ने कार्यक्रम तर्फ अग्रसर गराइने छ ।
- परम्परागत पशुपालनलाई व्यवसाय उन्मुख बनाउदै गोठ सुधार तथा भाकारो सुधार कार्यक्रमलाई प्रभावकारी तवरवाट सञ्चालनमा ल्याइने छ।
- नगरमा उत्पादित दुग्धजन्य पदार्थको बजारीकरणका लागि वडा वडामा संकलन केन्द्र स्थापना गर्न जोड दिईनेछ ।
- दुग्ध तथा मासुजन्य उत्पादनका लागि विशेष नीति अवलम्बन गरी यस्ता उद्योगहरु स्थापनाका लागि प्रोत्साहित गरिने छ ।
- व्यवसायिक गाई/भैसी पालन कार्यमा प्रोत्साहन गर्नका लागि खरिदमा ढुवानी अनुदानको व्यवस्था गरिएको छ।
- व्यवस्थित पशुवधशाला निर्माण गर्ने नीति लिईनेछ ।
- नगरपालिका क्षेत्रमा वाख्रापालन पकेट क्षेत्र निर्माण गर्नका लागि कृषकहरुलाई बाख्रा फार्म सुदृढीकरण कार्यक्रम सञ्चालन गरिने छ।
- खाद्य सुरक्षा तथा पोषण सुधारका लागि प्रजनन उमेर समुहका महिलाहरु (१५ देखि ४९ वर्ष सम्म) लाई खाद्य विविधता तथा शुक्ष्म पोषक तत्वको वारेमा जानकारी दिलाउन पोषण पाठशाला संचालन गरिने छ ।

## रोजगार सेवा केन्द्र

- प्रधानमन्त्री रोजगार कार्यक्रमलाई उच्च प्राथमिकताका साथ कार्यान्वयन गरिने छ ।
- बेरोजगारहरुको सूचीमा सूचिकृत भएका नगर भित्रका बेरोजगार व्यक्तिहरुलाई विकास निर्माणको कार्यमा रोजगारी उपलब्ध गराइने छ ।
- विद्यालय भवन, सार्वजनिक पुस्तकालय, शौचालय, खानेपानी, खेल मैदान, पर्खाल निर्माण तथा मर्मत सम्भार गरिने छ ।
- स्वास्थ्य संस्था जोड्ने सडक र सडकको नाला निर्माण तथा मर्मत सम्भार गरिने छ ।

## सहकारी विकास

- **"एक सहकारी, एक नमूना उत्पादन"** भन्ने नारालाई आत्मसाथ गर्दै सार्वजनिक, निजी र सहकारीको तीन खम्बे अर्थ नीतिलाई कार्यन्वयनमा विशेष जोड दिइने छ ।
- नगरभित्र स्थापना भएका सहकारी संस्थाहरुको वार्षिक रुपमा समीक्षा गरीअवस्था विश्लेषण, संस्थागत विकास, पूर्वाधार निर्माण र व्यवसायिक विकासमा जोड गरिने छ ।
- कृषि उत्पादन र बजारीकरणमा सहकारीहरुलाई प्रोत्साहनको लागि विशेष अनुदानको व्यवस्था मिलाइने छ ।
- सहकारी व्यवस्थापन र सञ्चालनको लागि १ वडा १सहकारी प्रशिक्षक उत्पादन गर्न तालिमहरुको व्यवस्था गर्ने र नियमित सहकारी सम्बन्धी तालिम सञ्चालनको व्यवस्था मिलाईने छ ।
- एक वडा एक विषयगत सहकारी स्थापना गरी प्रत्येक वडामा विषयगत सहकारीहरुको एकीकरणको नीति अवलम्वन गरिने छ ।
- सहकारी मार्फत वृहत कृषि फर्म तथा कृषिमा आधारित उद्योग सञ्चालनका लागि प्रोत्साहन दिइने छ ।
- सहकारी मार्फत लघु कर्जा लगानीको लागि वित्तीय संस्था तथा बैंकहरुमा समन्वय गर्ने नीति लिइने छ ।
- सहकारीको नाममा नाफा मूलक व्यापार गर्ने सहकारीहरुलाई आवश्यक कारबाही गरिने छ ।

**औद्योगिक क्षेत्र**

- औद्योगिक कोरिडोरको अवधारणालाई कायम गरी ठूला, मझौला र साना उद्योगहरु सञ्चालन गर्नको लागि आवश्यक नीति तर्जुमा गरिने छ ।
- गरिबीको रेखामुनि रहेका पूर्ण बेरोजगारलाई तालिमको माध्यमबाट उद्यमशीलताको विकास गराइ उद्यमी बनाइने छ ।
- युवा लघु उद्यमी कोष मार्फत सरल ऋण र अनुदान उपलब्ध गराई स्वरोजगार तर्फ प्रेरित गरिने छ ।
- उद्योग ग्राम स्थापनाका लागि आवश्यक प्रक्रिया अगाडि बढाइने छ ।
- निजी क्षेत्रबाट गरिने लगानीमा सुरक्षाको प्रत्याभूति गराउदै  लगानी सम्मेलनको आयोजना गरिने छ ।

## पूर्वाधार विकास तर्फ

- गोरखा नगरपालिकामा सबै गाउँ, बस्ती तथा टोलहरुलाई सडक सञ्जालमा जोडिने गरी कच्ची, ग्राबेल तथा पक्की सडकहरु निर्माण कार्य भइरहेको छ । यो वर्ष गोरखा नगरबासीलाई रणनैतिक रुपले सडक आवागमनले जोड्नका लागि पर्यटकीय, व्यापारिक र सुरक्षा कवचका दृष्टिले महत्वपूर्ण कच्ची सडकहरुको स्तरोन्नति, ग्राबेल र पिच गर्ने तथा चक्रपथ निर्माण कार्यलाई जोड दिइनेछ । त्यसैगरी नयाँ सडक योजनाहरुको सूचीकृत गरी निर्माण कार्यलाई अगाडि बढाइनेछ । बजार क्षेत्रका सबै सडक विस्तार र कालो पत्रे गरिनेछ भने सबै वडाका सडकहरुलाई बाह्रै महिना सवारी साधन चल्ने सडकको रुपमा विकास गरिनेछ । कृषि सडकलाई स्तरोन्नति गरिनेछ । हरित र वातावरण  मैत्री सडक निर्माणलाई प्रोत्साहित गरिनेछ ।
- भौतिक पूर्वाधार विकास आयोजनामा विपन्न परिवारहरुलाई लक्षित गर्नको लागि कामको लागि खाद्यान्न कार्यक्रम संचालन गर्ने सोच राखिएको छ ।जसवाट हालको प्रतिकुल परिवेशमा वेरोजगारी तथा खाद्यान्न आपूर्तिको समस्यावाट केहि हद सम्म राहत महशुस हुनेछ ।
- निर्माण शुरु भइसकेका सार्वजनिक भवन तथा सामुदायिक भवनहरु सम्पन्न गर्ने नीति लिइनेछ । विद्यालय तथा अन्य सार्वजनिक भवनहरुको मर्मत सम्भार गरिनेछ ।
- व्यापारिक दृष्टिकोणले महत्वपूर्ण वहुउद्देश्यीय भवन वडा नं.६/७ सिमानामा वि.पी चोक नजिक शुरु गरिएको र आगामी आ.व.मा सम्पन्न गरिनेछ ।
- निर्माण कार्यको गुणस्तरमा सुनिश्चिततागर्न गुणस्तर चेकजाँच गर्ने प्रयोगशाला (Quality Testing Lab) स्थापना गर्ने नीति लिईएको छ |
- नगर क्षेत्र भित्र निर्माण हुने भवन तथा अन्य संरचनाहरुलाई भूकम्पीय दृष्टिकोणले सुरक्षित बनाउन सबै नगरवासीलाई थप सुसुचित बनाउने कार्यलाई अगाडी बढाइने छ |
- वडा कार्यालय तथा स्वास्थ्य संस्थाका भवन निर्माण तथा सामुदायिक स्वास्थ्य संस्थाहरुको स्तरोन्नति कार्यलाई प्राथमिकताका साथ अगाडी बढाइने छ |
- सरकारी जग्गा, भवन तथा अन्य निर्मित संरचनाहरुको अभिलेख तयार गरी संरक्षण र उपयोग गर्ने नीति लिईएको छ |

- उपभोक्ता समिति मार्फत संचालन हुने पूर्वाधार तर्फका योजनाहरु मध्ये पाँच लाख भन्दा माथिका योजनाहरुको हकमा सोहि योजना मर्मत संभार गर्ने प्रयोजनको लागी विनियोजित बजेटबाट ५% ले हुन आउने रकम कटाई मर्मत संभार कोषमा राख्ने नीति लिईने छ ।
- ऐतिहासिक धरोहरको रुपमा निर्माण भइरहेको गोरखा गेटलाई पर्यटनको आरम्भको रुपमा स्थापित गराई पर्यटन प्रवर्द्धनमा सूचना प्रविधि केन्द्रित बनाई अगाडी बढाईने छ ।
- युवा लक्षित खेलकुद कार्यक्रमलाई प्रवर्द्धन गर्नका लागी गो.न.पा १० स्थित छेवेटार खेलकुद मैदानको भौतिक पूर्वाधारलाई थप व्यवस्थित गरिने छ ।
- नगरवासीहरुलाई विपद् परेको बेला आश्रय स्थलको रुपमा प्रयोग गर्न सकिने छेवेटारमा निर्माणाधीन बहुउपयोगी भवनको निर्माण सम्पन्न गरी कार्यान्वयनमा ल्याइने छ ।

## खानेपानी तथा सरसफाई

- नगरको विकासको लागि लिएको खानेपानी तथा सरसफाइको लागि *"एक घर- एक धारा"* कार्यक्रमले खानेपानीको सहज व्यवस्थापन हुदै गएको छ । आगामी वर्षमा पनि यो कार्यक्रमलाई निरन्तरता दिइनेछ । त्यसैगरी निर्माणाधीन लिफ्टिङ खानेपानी आयोजनाहरु पूरा गरिनेछ ।
- लिफ्ट खानेपानी योजनाहरुलाई उच्च प्राथमिकतामा राखी पानीको पहुँच भन्दा बाहिर रहेका बस्तीहरुमा खानेपानीको सहज व्यवस्था गरिने छ ।
- चालु खानेपानी योजनाहरुको मर्मत सुधार तथा व्यवस्थापनको कार्यलाई अगाडि बढाइने छ ।
- पूर्ण सरसफाईयुक्त नगर निर्माण गर्न आम नागरिकको सहभागितामा सरसफाई कार्यक्रम लागू गरिने छ
- नगरपालिकाभित्र रहेको खानेपानी संस्थालाई आम उपभोक्ताको पहुँचमा ल्याइने छ ।
- नगर क्षेत्रमा रहेको पुरानो धाराहरुको पानी जांच गरि सोझै पिउन मिल्ने शुद्ध पानीको व्यवस्थापन गरिने छ
- आवश्यकता अनुसार सार्वजनिक शौचालय निर्माण गरिने छ ।
- नगरपालिका कार्यालय परिसरमा सुन्य फोहोरमैला (zero waste) नमुना सरसफाई केन्द्र निर्माण गरिने छ
- नदि र खोलाको संरक्षण गरि सबै खाले प्रदूषण नियन्त्रण गरि पर्यावरण सन्तुलन मार्फत सफा सहर र हारियाली सहर को रुपमा नगरलाई विकास गरिने छ ।
- **हाम्रो नगर, राम्रो नगरको** सोचलाई पुरा गर्न नगरपालिका भित्रको फोहोरा मैला व्यस्थापनलाई कुहिने,नकुहिने र शिसा जन्य फोहोर वर्ग्रीकरणको काम तत्कालै सुरु गरि सफा नगर अभियान सफल पर्न टोल तथा वडा स्तरमा सरसफाई कार्यक्रम संचालन गरि सफा नगर घोषणा अभियानको लागि थप प्रभावकारी रुपमा संचालन गरिनेछ ।
- एक घर एक सचेतना कार्यक्रम मार्फत नगरको फोहोर मैला व्यवस्थापनको प्रभावकारी रुपमा जनचेतना मुलक कार्यक्रम संचालन गरि समुदाय स्तरमा जिम्मेवारी दीईने ।
- डम्पिङ साईटको रुपमा रहेको नगरपालिकाको फोहोर मैला व्यवस्थापन कार्यलाई परिवर्तन गरि वडा नं ८ मा सरसफाई केन्द्रको रुपमा विकास गरिने छ ।

- नगर क्षेत्रभित्र रहेको कार्यालयहरु,विद्यालय ,स्वस्थ्य संस्था कार्यालयहरु लाई वातवरणमैत्री बनाउन सहजीकरण र समन्वय गरि फलफुल र फुलको बगैचा सहितको हरियाली कार्यालय परिसरको रुपमा परिवर्तन गर्न प्रोत्साहन गरिने छ |

## विद्युत तथा उर्जा विकास तर्फ

- **"स्वच्छ र सफा गोरखा, उज्यालो गोरखा"**भन्ने नारालाई सफल बनाउन नगरपालिकाको सबै बस्तीमा विद्युतको विस्तार गरिने छ।
- सरकार र जनताको संयुक्त शेयर लगानीमा विद्युत उत्पादन गर्ने नेपाल सरकारको नीतिलाई प्रभावकारी रुपमा कार्यान्वयनमा पहल गरिने छ।
- नगर क्षेत्रभित्रको विद्युत लाइनलाई व्यवस्थित गरिने छ।
- यसै आर्थिक वर्षमा नगरपालिका क्षेत्रभित्रका सवै काठेपोलहरु विस्थापन गरीस्टीलका पोल व्यवस्थापन कार्य अगाडि बढाइने छ।
- पर्यटकीय स्थल तथा पार्कहरुमा सौर्य बत्ति जडान कार्यलाई निरन्तरता दिईनेछ |

## नगर यातायातः

- नगरपालिका क्षेत्रभित्र नगर यातायात  सञ्चानल गर्ने कार्य प्रारम्भ भई सकेको र यसको थप व्यवस्थापनका लागि सरोकारवालाहरुसँग सहकार्य गरिने छ |
- नगरपालिका क्षेत्र भित्र व्यवस्थित बसपार्क निर्माण गर्ने कार्यलाई पूर्णता दिनका लागि पहल गरिने छ |
- बजार क्षेत्रमा यातायातलाई व्यवस्थित बनाई सम्भावित घटना वा विपतलाई न्यूनीकरण गर्न सिसि क्यामरा, ट्राफिक संकेत र ट्राफिक वत्तिको व्यवस्था गरिने छ।

## निमार्ण सेवा तर्फ

- नेपाल सरकारको कम्पनी ऐन अनुरुप निर्माण सेवाहरु दर्ता, नवीकरण र सञ्चालन गर्ने नीति निर्माण गरिने छ।
- नगरपालिका क्षेत्रभित्र ठुला, मझौला र साना भौतिक पूर्वाधार निर्माण कार्य सञ्चालन गर्ने कम्पनी वा फर्मले नगर पालिकाबाट अनुमति लिनु पर्ने व्यवस्था लागू गरिने छ।

# पर्यटन,  वन, वातावरण तथा विपद व्यवस्थापन तर्फ

## पर्यटन विकास

- **"सुन्दर गोरखा समृद्ध सहर,आम नगरवासीको यहि छ रहर"** भन्ने मूल नाराका साथ पर्यटन प्रवर्द्धन गर्न सम्बन्ध निकायहरु संग छलफल गरि  एकिकृत पर्यटन विकास गुरु योजना तयार गरि पर्यटन विकास गरिने छ |
- पर्यटकीय स्थलहरु रानीबन क्षेत्र ,चिल्ड्रेन पार्क, विरिमकाली र भीमसेन थापा पार्कमा पर्यटन विकासको लागि   View Tower   निर्माण गरिने छ |
- गोरखा दरबार र गोरखा संग्रहलयलाई मध्ये बिन्दु बनाएर रानीपोखरी, भीमसेन थापा पार्क विन्ध्यवासिनी मन्दिर, पस्चिम्काली मन्दिर, ताप्लेकोट, गौरीशंकर मन्दिर र भुत्याहा छाँगो, राधावल्ल वेश्व्र मन्दिर,

सरस्वती आश्रम, विरिमकाली मन्दिर, अकला मन्दिर, बुढीकोटी मन्दिर, बिसे नगर्ची पार्क, रामशाह पार्क, स्टोन पार्क, गोरखनाथ पार्क, शिखर बेसी ताल, अकला मन्दिर र महादेव टारी मन्दिरको आवश्यक योजना तयार गरि पूर्वाधार विकास गरिने छ ।

- रानीबन क्षेत्र बज्र भैरब सामुदायिक क्षेत्रबाट साहासिक खेल प्याराग्लाइडिङ खेलको सुरुवात गरिने छ ।
- दरौदी नदीमा सन्चालन हुँदा आएको साहसिक खेल र्याफ्टिङ खेल निरन्तरता दिईने छ ।
- गोरखा नगरको सहरी शुन्दरतालाई र पर्यटन विकासको लागी निर्माण गरिएको पार्क लगायत पर्यटकीय क्षेत्रहरुको विकास गरि हरेक वडामा कम्तिमा एक वडा एक पार्कको अभियानलाई अगाडी बढाइने छ ।
- आन्तरिक तथा बाह्य पर्यटकको लागि उपयुक्त हुने गरि पस्लांङ होमस्टे र विरेन्चोक होमस्टेको लागी आवश्यक क्षमता विकास एव संचालनको लागि स्थानीय समुदायलाई सहयोग गरिने छ ।
- ठुलो आँगन देखि पश्चिम काली ,चिल्ड्रेन पार्क,सतिपिपल,विन्ध्यवासिनी मन्दिर,भीमसेन थापा पार्क,उपल्लो कोट, रानीबन ,सरस्वती आश्रम,बराह धारा हुँदै ठुलो आगन सम्म पद मार्गको विकास गरिने छ ।
- गोरखा दरबार हुँदै मनकामना जाने ऐतिहासिक पैदल मार्गको विकासमा सहकार्य गरिने छ ।
- ऐतिहासिक पद मार्ग गोरखा दरबार हुँदै धादिङ,नुवाकोट र काठमाडौं जाने पदमार्ग को विकास गर्ने सहकार्य गरिने छ ।
- गोरखा नगरपालिका कार्यालय परिसरमा सुन्दर बगैचा निर्माण गरिने छ ।
- वडा वडामा भएका एतिहासिक, पौराणिक, धार्मिक तथा पर्यटकीय महत्वका बोकेका चौतारा निर्माणलाई प्राथमिकता दिईने छ ।
- गन्तव्य गोरखा भन्ने मूल मान्यता अनुसार विभिन्न प्रकारका तालिम,समिति गठन एवं भौतिक पूर्वाधारको विकास गर्दै धेरै भन्दा धेरै पर्यटक गोरखा भित्र्याउन तथा गोरखा वसाइ लम्व्याउन गोरखा, सौराहा, लुम्विनी, पोखरा र ठमेल वीच पर्यटन सञ्जाल गठन गरी आन्तरिक र वाह्य पर्यटक गोरखा ल्याउन **घरवास पर्यटन** विशेष कार्यक्रम सञ्चालनमा निरन्तरता दिइनेछ ।

**विपद व्यवस्थापन**

- नगरमा हुने विपद भूकम्प,आगलागी, बाढी, पहिरो, चटयाङ, कोरोना जस्तो रोग व्यादी जस्तै दैवीप्रकोप, दुर्घटना आदिको लागि विपद व्यवस्थापन कोषबाट खर्च गर्ने गरी तत्काल उद्दार गरिने छ ।
- प्रतेक वडामा वडा स्तरीय विपद व्यवस्थापन समिति बनाई जोखिम व्यवस्थापनमा दक्ष बनाई तत्कालीन उद्धार तथा सहयोगमा लगाईने छ ।
- वडा वडामा विपद व्यस्थापन योजना निर्माण गरि सम्भाभित जोखिमको लागि सामग्री व्यवस्थापन गरिने छ ।
- गोरखा नगरपालिका कार्यालयमा विपद सम्बन्धित सूचना केन्द्र र DemoHouse बनाईने छ ।
- नगर स्तरीय विपद पुर्व तयारी तथा प्रतिकार्य योजना बनाई कार्यान्यन गरिने छ ।
- विपद पुर्व तयारीका लागि समुदायको क्षमता विकास संबन्धित संचालन गरिनेछ ।
- विपद जोखिम न्यूनीकरण संबन्धित कार्य योजना बनाई लागु गरिने छ ।

**बन तथा वातावरण**

- बन क्षेत्रभित्र हुने चोरी शिकारी रोकी वन्यजन्तुको संरक्षण गरिने छ र बन डढेलो,बन अतिक्रमण र काठ चोरीलाई नियन्त्रण गर्ने नीतिलाई प्रभावकारी ल्याउने छ ।
- बन,पैदावार,वनजंगल र वृक्षारोपण सम्बन्धित कार्य योजना  निर्माण गरि कार्य गरिने छ ।
- एक घर २ फलफुलको विरुवा अनिवार्यता गरि वातावरण शुद्धीकरण र जलवायु परिवर्तनलाई योगदान पुर्याईने छ ।
- पश्चिमकाली क्षेत्रमा  निर्माण गरिएको सानो चिडियाखानाको विकास गरि जैविक विविधताको संरक्षण गरि त्यस क्षेत्रमा हरियाली प्रवद्धन गरिनेछ ।
- नगर क्षेत्रको मुख्य राजमार्ग तथा शाखा सडक र खुल्ला स्थानमा विकास साझेदारसंथाहरुसंग सहकार्यमा हरियाली विकास गरि Green Road, ग्रीन वेल्ड निर्माण गरि ग्रीन सिटी निर्माणको अवधारणालाई अगाडी बढाइने छ ।
- बहुमुल्य जडीबुटी खेतीको सम्भाव्यता अध्ययन गरिने छ ।
- नगर क्षेत्रभित्रका सार्वजनिक जग्गाहरुको बढ्दो अतिक्रमण रोकी फलफूलको विरुवा रोपनी कार्य गरिने छ

**बजार व्यवस्थापन तथा ढल निकास**

- बजार क्षेत्रभित्र रहेका सबै सडकहरुको स्तरोन्नति गरी आवागमनमा सहजता पैदा गरिने छ।
- बजार क्षेत्रभरि रहेको सडक तथा सार्वजनिक अतिक्रमणलाई ध्यानमा राखी खुल्ला सडक, सफा शहर (Open Road, Clean Market) को अबधारणालाई नीतिगत रुपले लागू गरिने छ।
- बस्ती विकासका लागि बजार क्षेत्रहरुमा मापदण्ड अनुसारका भवन संरचना निर्माण गरी व्यवस्थित  शहर बनाइने छ।
- नगर क्षेत्रभित्र सार्वजनिक जग्गाहरुको बढ्दो अतिक्रमण गर्ने कार्यलाई नियन्त्रण गरिने छ।
- बजारलाई सुन्दर र सफा राख्न बजार क्षेत्रभित्रको ढल निकासको कार्यलाई व्यवस्थित रुपले सञ्चालन गरिने छ
- बजारभित्र रहेका उपभोग्य व्यापार सेवाको लागि विषयगत क्षेत्र निर्धारण गरिने छ।
- उपभोग्य वस्तुहरुको बिक्री बितरण कार्यको लागि नियमित अनुगमन गरिने छ र अखाद्य तथा समय नाघेका खाद्यबस्तुको बिक्री बितरण कार्य बन्द गरिने छ। साथै कृतिम अभाव सिर्जना गर्ने व्यापारीलाई कारबाहीको दायरामा ल्याइने छ ।
- फोहोरमैला व्यवस्थापन सम्बन्धी आवश्यक नीति, योजना, कार्यक्रम र ऐन कानून निर्माण गर्ने कार्य सम्पन्न भइ सकेकोले यसको प्रभावकारी रुपमा कार्यान्वयन गरिने छ ।
- जैविक फोहरबाट मल तथा वायोग्यास उत्पादन गर्न सभाव्यता अध्ययन गरिनेछ।
- बजार क्षेत्रको फुटपाथ निर्माणमा विशेष प्राथमिकता दिईनेछ ।
- बजार क्षेत्रको ढल व्यवस्थापनलाई गुणस्तरीय तथा व्यवस्थित रुपमा निर्माण गर्नका लागि आ.व ०७७/७८ मा निर्माण कार्य थालनी गर्ने गरी खानेपानी तथा सरसफाई डिभिजन कार्यालय, लमजुङसँग सहकार्य गरिने छ

# सुशासन र संस्थागत विकास नीति

**शान्ति, सुरक्षा र सुशासन :**

- हरेक नागरिकले शान्ति सुरक्षा र अमनचैनको प्रत्याभूतिको अनुभव गर्ने गरी नगर सुरक्षा नीति तयार लागू गरिने छ।
- नगरको बजार क्षेत्रमा सुरक्षा संवेदनशीलता ध्यान दिंदै मुख्य सडक तथा बजार क्षेत्रमा समुदायसँगको साझेदारीमा सि.सि. टी.भी. जडान कार्य गरिएको र यसलाई थप विस्तार गरिनेछ। त्यसैगरी आगामी वर्ष सबै वडा कार्यालयमा सि.सि.टि.भी. जडान कार्यलाई निरन्तरता दिइने छ।
- न्यायमा सहज पहुँच सुनिश्चतताका लागि न्यायिक समितिलाई बलियो बनाउनुका साथै क्षमता विकासका कार्यक्रमहरु सञ्चालनमा ल्याइने छ।
- नगरपालिकाबाट प्रवाह गरिने कार्यक्रमहरुमा सुशासनको प्रत्याभूति कायम गर्न भ्रष्टचार विरुद्धको शुन्य सहनशीलताको नीतिलाई कार्यान्वयन गरी सदाचार प्रवर्द्धन गरिनेछ ।दैनिक सेवालाई झन्झटमुक्त, सरल र छिटोछरितो बनाउन नगरपालिकाले विशेष पहल गर्ने छ।
- कर्मचारीहरुमा उच्च मनोवल र जिम्मेवारीका साथ समयमा नै काम गर्ने र उत्कृष्ट नतिजा दिने कार्य सँस्कृतिको विकास गर्न तथा सार्वजनिक सेवा प्रवाहलाई गुणस्तरीय, सेवाग्राहीमैत्री बनाउन कर्मचारीहरुलाई विशेष प्रोत्साहन कार्यक्रम सञ्चालन गरिने छ।
- परिवर्तनलाई संस्थागत र व्यवहारिक गराउनको लागि आम नागरिकलाई स्थानीय सरकारसँग प्रत्यक्ष जोड्न प्रयत्न गरिने छ।
- नगरस्तरिय अनुगमन समितिलाई थप क्रियाशील बनाई नगरपालिका क्षेत्र भित्रका सम्पूर्ण गतिविधिहरुको अनुगमन कार्यलाई व्यवस्थित गरिने छ।
- सामाजिक न्याय प्रवर्द्धनका लागि विकासका प्रतिफलको न्यायोचित वितरण गर्ने प्रणालीको विकास गरिने छ।
- संविधानमा उल्लेखित सबै संवैधानिक व्यवस्थाहरु, प्रदेश कानून र स्थानीय तह सञ्चालनका लागि बनेका कानून तथा कार्यविधिहरु अनुकूल रही कार्यक्रमहरु गरिने छ।
- नगर क्षेत्र भित्र संचालन हुने पूर्वाधार तर्फका योजनाहरु गुणस्तरीय तथा सहज रुपमा संचालन गर्न एक वडा एक प्राविधिक कर्मचारी व्यवस्थापन गर्ने नीतिलाई अविलम्बन गरिने छ |
- स्थानीय सरकार संचालन ऐन बमोजिम गोरखा नगरपालिकाको संगठन संरचना तयार पारिने छ |
- न.पाको स्वामित्वमा रहेका सबै सम्पत्तिहरुको व्यवस्थापन र संरक्षणका लागि जिन्सीको सफ्टवेयर जडान गरिने छ |

**न्याय सम्पादन**

- न्यायिक सेवालाई नगरबाट सहज रुपमा प्रवाह गर्न मेलमिलाप तथा फैसला सम्बन्धी सुविधा नियमित प्रदान गरिने छ |
- मेलमिलाप पद्दतिबाट न्याय सम्पादनमा विशेष जोड दिइने छ |
- विपन्न दलित जेष्ठ नागरिक महिला तथा बालबालिकालाई विशेष प्राथमिकता दिदैं हिंसामा परेका विवादका पक्षहरुलाई लैंगिक हिंसा कोषबाट आर्थिक सहायता प्रदान गरिने छ |
- न्यायिक समितिमा परेका उजुरीहरुलाई अनुगमन गरी न्याय सम्पादनमा सहज र सरल तरिकाले कार्यान्वयन गरिने छ |

- मेलमिलापकर्ताहरुको क्षमता विकास गर्दै लगिने छ ।

**सूचना प्रविधि तथा सञ्चार तर्फः**

- नगरमा सूचना प्रवाह छिटो छरितो र पारदर्शी तरिकाले गरिने छ साथै नगरलाई सूचना प्रविधि मैत्री बनाइने छ
- न.पाको वेभसाइटमा SSL Certification को कार्य गरी सेक्युरिटी थप गरिने छ ।
- नगरमा नगरवासीहरुको तथा आन्तरिक बाह्य पर्यटकको सहजताका लागि सार्वजनिक स्थलमा फ्री वाईफाई जडान कार्यलाई निरन्तरता दिईने छ ।
- वडा कार्यालयमा इन्टरनेट सेवा व्यवस्थित र प्रभावकारी बनाइने छ, साथै वडा कार्यालय र नगरपालिकाको सेवाहरु अनलाइन मार्फत प्रवाह गरिने छ ।
- वडा कार्यालयबाट प्रदान गरिने सेवा Pen less गरी छिटो, छरितो र प्रभावकारी सेवा दिईने छ.। उक्त कार्यको लागि वडाबाट प्रदान गरिने सिफारिस लगायतका अन्य कार्यमा सफ्टवेयरको प्रयोग गरिने छ ।
- सूचना केन्द्रलाई व्यवस्थित गरी संचालन गरिने छ ।
- नगर तथा वडास्तरीय E-Profile बनाइने छ ।
- नगरको सांस्कृतिक, परम्परागत तथा पर्यटकीय महत्व र इतिहास झल्किने विस्तृत डकुमेन्ट्री बनाइने छ ।
- नगरका बेरोजगार तथा कम्प्युटरको ज्ञान भएका व्यक्तिहरुलाई आवश्यकता अनुसार GIS, फोटोसप तथा भिडियो इडीटिंङ सफ्टवेयर सम्बन्धी प्रशिक्षण दिई रोजगारीको लागि शिप विकास गर्ने कार्य गरिने छ ।
- जनप्रतिनिधि तथा कर्मचारीहरुको प्रविधिसँग सम्बन्धित सिप तथा क्षमता प्रशिक्षण माध्यमबाट स्तरोन्नति गरिने छ ।
- नगरको सुरक्षास्थितिलाई ध्यानमा राखी नगरलाई सुरक्षित बनाउन सि.सि. क्यामेरा जडान कार्यलाई निरन्तरता दिइने छ ।
- सबै बस्तीहरुमा टेलिफोन तथा मोबाइल सेवा पुऱ्याउन पहल गरिने छ ।
- प्रत्येक वडामा पहुँच पुग्ने गरी छापा माध्यम तथा विधुतीय माध्यमका सञ्चार सेवा र सञ्चार गृहको स्तरोन्नति गर्ने कार्यक्रम ल्याइने छ ।
- नागरिकहरुमा जनचेतना अभिवृद्धि गर्न स्थानीय सञ्चार माध्यमहरुसंग सहकार्य गरी अघि बढ्ने नीति लिइएको छ ।
- नगरका विभिन्न ठाउँमा श्रव्य दृश्यसँग सम्बन्धित तथा अन्य सूचना प्रविधिमैत्री कार्यहरु गरिने छ ।
- सुशासनको लागि पत्रकारिता, सुशासन विकासको लागि भन्ने मान्यतालाई आत्मसाथ गर्दै पत्रकारिता क्षेत्रको विकासको लागि प्रविधिमैत्री पत्रकारितालाई प्रोत्साहनका कार्यक्रम सञ्चालन गरिनेछ ।
- नागरिकहरुमा जनचेतना अभिवृद्धि गर्न स्थानीय सञ्चार माध्यमहरु संग सहकार्य गरी अघि बढ्ने नीति लिइएको छ ।

**पारदर्शिता तथा जवाफदेहिताः**

- नागरिक वडापत्र, विद्युतीय हाजिर, सूचनापाटीको प्रभावकारी कार्यान्वय गरिनेछ ।,
- नगरपालिका कार्यालय तथा वडा कार्यालयहरु एवं स्वास्थ्य चौकीहरुको व्यवस्थित सञ्चालनका लागि आवश्यक श्रोत, साधनको विनियोजन गरी अघि बढिनेछ ।
- जनप्रतिनिधिहरु र कर्मचारीहरुको क्षमता विकासमा कार्यक्रम सञ्चालन गरिनेछ ।
- स्थानीय राजश्व परिचालनका लागि विद्यमान व्यवसाय कर लगायतका श्रोतहरुको पुनरावलोकन गरिनेछ ।
- सेवा प्रवाहको मापदण्ड स्पष्ट गरी कार्यहरु व्यवस्थापन गरिने छ ।
- वडा कार्यालयहरुको पूर्वाधार सुधारको साथै वडा कार्यालय भवन निर्माण लाई उच्च प्राथमिकतामा राखिने छ ।

- सरकारी र गैर सरकारी संस्थाहरु समन्वय गरी विकास निर्माण लगायतका कार्यहरु अघि बढाइनेछ ।
- नगरपालिकाको वस्तुगत स्थिति झल्कने नगर प्रोफाइललाई समयानुकूल परिमार्जन गर्दै लगिने छ ।
- स्थानीय तथ्यांक व्यवस्थापन गरी योजना तर्जुमा तथा समानुपातिक विकासको नीति निर्माणको आधार श्रृजना गरिनेछ ।
- गुणस्तरीय पूर्वाधारका लागि सामाजिक परिचालन अभियानलाई सबै विकास निर्माणका कार्यहरुमा अवलम्वन गरिने छ।
- सार्वजनिक सुनुवाई तथा लेखा परीक्षण कार्यलाई अनिवार्य शर्तको रुपमा सबै योजना तथा कार्यक्रमहरुमा समावेश गरिने छ ।
- सूचना अभिलेख व्यवस्थापनलाई प्रभावकारी बनाईने छ ।

## राजस्व तर्फः

- नगरपालिकाको आन्तरिक आयवृद्धि गर्न करका दायरा वढाउन करको नयाँ श्रोतको खोजी गरिनेछ ।
- करदाता नगरवासीहरुलाई करदाता शिक्षाद्धारा दीक्षित गरी कर तिर्ने बानीको विकास गराई करमा नगरवासीहरुको सहभागिता वढाइनेछ ।
- गोरखा नगरपालिका र गण्डकी प्रदेश प्रशिक्षण प्रतिष्ठानको लागत सहभागितामा राजश्व सुधार योजना निर्माण गरिनेछ ।
- राजश्व परामर्श समितिका पदाधिकारीहरु,वडा सचिवहरु तथा नगरपालिकाका कर्मचारीहरुका लागि राजश्व सम्वन्धी क्षमता विकास कार्यक्रम सञ्चालन गरिनेछ ।
- नगरपालिका क्षेत्र भित्रका करदाताहरुको विवरण वडागतरुपमा कम्प्यूटर प्रणालीमा प्रविष्ट गरिनेछ ।
- वडा कार्यालय तथा राजश्व शाखाको सस्थागत विकास गरिनेछ ।
- करदातालाई प्रोत्साहित गर्नको लागि उत्कृष्ट करदाता सम्मान कार्यक्रम गरिने छ |

**नगर प्रहरी :**

- नेपालको संविधानको धारा २२६ को अधीनमा रही नगर प्रहरी सञ्चालन सम्बन्धी कार्यविधि बनाई नगर प्रहरीको व्यवस्थापन गरिने छ ।
- स्थानीय तह सञ्चालन कार्यविधि अनुरुप नगरको शान्ति सुरक्षा र जनसेवाको कामलाई व्यवस्थित गर्न नगर प्रहरी गठन प्रक्रिया अगाडी बढाइने छ ।

## सस्थागत विकास तर्फः

- कर्मचारीलाई सूचना प्रविधि सम्बन्धी तालिमको व्यवस्था गरिने छ |
- इन्टरनेटको प्रयोगलाई विस्तार गरिने छ |

अन्तमा, यस गरिमामय छैठौं नगरसभामा उपस्थित हुनुभई कार्यक्रम सफल पार्नको लागि सहयोग पुर्‍याउनु हुने सम्पुर्ण व्यक्तित्वहरु प्रति म हार्दिक आभार व्यक्त गर्न चाहन्छु । अकल्पनिय महामारिको रुपमा फैलिइ रहेको कोरोना भाइरसका कारण प्रतिकुल परिश्थिति भोगिराखेका नगरबासीहरुको शु-स्वास्थ्यताको कामना गर्दै यस विषम परिशिथितिमा कोरोना भाइरसबाट सक्रमितहरुको सिध्र स्वास्थ्य सुधारकासाथै अन्य सम्पूर्णमा सहन शक्तिको विकासको लागि कामना गर्न चाहन्छु ।

नगरपालिकाले तयार गरेको नीति तथा कार्यक्रम सफल कार्यन्वयनको लागि यहाँहरुको रचनात्मक सुझाव तथा सल्लाहको सदा अपेक्षा गर्दै म मेरो नीति तथा कार्यक्रमको प्रस्तुती अन्त गर्न चाहन्छु ।

**धन्यवाद**